भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या : ०८२/८३
चलानी नं. : ३८८

बागमती प्रदेश, नेपाल
मितिः २०८२/०५/१९

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ ।

उपर्युक्त सम्बन्धमा दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. ५ स्थित महेन्द्रोदय माध्यमिक विद्यालय, माटी, दोलखामा रिक्त रहेको निम्न माध्यमिक तहको गणित विषयको शिक्षक पद १ (एक) मा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको चलानी नम्बर १०-२०८२/८३, मिति २०८२/०५/१९ को पत्रबाट अनुरोध भई आएको हुँदा सम्बन्धित तहका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिनका लागि शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको लागि जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

.....
विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत
विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

पुनश्च :

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना mahendrodayamati@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिने छ ।
२. म्याद नाघी वा तोकिए बमोजिम रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

बोधार्थ :

१. श्री शिक्षा विकास तथा समन्वय इकाई, दोलखा ।
२. श्री महेन्द्रोदय माध्यमिक विद्यालय, माटी, दोलखा ।
३. श्री सूचना प्रविधि शाखा, भीमेश्वर नगरपालिका- सूचना website मा प्रविष्ट गरिदिनुहुन ।